**प्राज्ञिक विमर्श**, **वर्ष ६, अङ्क**, १२, **२०८१ असोज**, ISSN 2676–1297

# परिभाषित आँखाहरू उपन्यासमा पात्रविधान

**❋केशवराज अधिकारी**

**adhikarikraj32@gmail.com**

अध्ययनसार

*प्रस्तुत आलेख कृतिको पात्र विधान पद्दतिसँग सम्बन्धित रहेको छ। प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय विधिका आधारमा गरिएको छ भने सामग्रीको विश्लेषण आगमनात्मक र विश्लेषणात्मक पद्धतिका आधारमा गरिएको छ। यस आलेखमा परिभाषित आँखाहरू उपन्यासको पात्रगत शैली वैज्ञानिक विश्लेषण पद्दतिको आधारमा पात्र चरित्रको विश्लेषण गरिएको छ। प्रस्तुत आलेखमा मूलतः आख्यानमा पात्रको उपस्थिति तिनका कार्य, मनोवैज्ञानिक लक्षण र वैचारिक आधारमा विश्लेषण गरिएको छ। उपन्यासमा प्रयुक्त चरित्रको विश्लेषण चरित्रगत विशेषताका खासखास पक्षलाई उजागर गरेर देखाइएको छ। प्रस्तुत आलेखका परिभाषित आँखाहरू उपन्यासमा शैली वैज्ञानिक दृष्टिले पात्रहरूको अवस्थाको विश्लेषण गर्ने रहेको छ। यस अध्ययनबाट शैली वैज्ञानिक दृष्टिले पात्रचरित्रको विश्लेषण पद्दति एवम् प्रयुक्त उपन्यासका पात्रहरूको चरित्रगत विशेषतासम्बन्धी जिज्ञासाको शमन हुने अपेक्षा गरिएको छ।*

**मुख्य शब्दावली** : शैली वैज्ञानिक, वैचारिक आधार, पात्रविधान, जीवनचेतना, परिभाषित आँखाहरू।

## विषयपरिचय

पारिजात (वि.सं.१९९४-२०५०) नेपाली साहित्यको आधुनिक कालकी बहुमुखी प्रतिभायुक्त साहित्यकार हुन्। उनले नेपाली साहित्यका कविता कथा, उपन्यास, निबन्ध लगायतका सबै विधामा कलम चलाएकी छन्। उनी खास गरी आख्यान विधा र त्यसमा पनि उपन्यासकारको रूपमा बढी प्रसिद्ध छन्। वि. सं. २०२२ सालमा 'शिरिषको फूल' उपन्यासबाट आफ्नो औपन्यासिक यात्रा सुरु गरेकी पारिजातका झण्डै एक दर्जन उपन्यासहरू प्रकाशित छन्। यसमध्ये 'परिभाषित आँखाहरू' (२०४६) उनको औपन्यासिक यात्राको पछिल्लो चरणको चर्चित उपन्यास हो।

उपन्यास आख्यान विधाअन्तर्गत पर्ने महत्त्वपूर्ण साहित्यिक विधा भएको हुनाले यसमा निश्चित खालको कथानकीय संरचना रहेकै हुन्छ। आख्यानलाई गति दिने कथानक हो भने कथानकलाई गति दिने चरित्र वा पात्र नै हो। चाहे मानवीय होस् वा मानवेत्तर नै किन नहोस् तर आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ। उपन्यासमा प्रयोग भएका चरित्रहरू रचनाकारका स्थापना हुन् परन्तु ती सबै पात्रहरू आन्तरिक स्वभावमा होस् वा बाह्य स्वभावमा समाजबाटै टिपिएका हुन। उपन्यासलाई जीवन्तता प्रदान गर्नको लागि पात्रको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसो त केही पात्रहरू दृश्य रूपमै उपन्यासमा उपस्थित भएर आफ्नो कार्य निर्वाह गरेका हुन्छन् भने केही पात्रहरूले अदृश्य रूपमा उपन्यासको सौन्दर्य बढाएका हुन्छन्। आख्यानभित्र रहेका व्यक्तिहरूलाई तिनीहरूको स्वरूप, स्वभाव र कार्यका आधारमा प्रस्तुत गर्ने प्रक्रियालाई चरित्रचित्रण भनिन्छ। पात्रहरू मानवीय-मानवेत्तर तथा लौकिक-अलौकिक जस्ता पनि हुन सक्छन्, तर तिनीहरूको स्तर, क्षमता र परिस्थितिअनुसार सुहाउँदो क्रियाकलापमा परिचालन भएको हुनुपर्छ जसका कारण चरित्र र रचनामा विश्वसनीयता प्रबल रहन्छ। शृङ्खलाबद्ध घटनाहरूको प्रस्तुति र वर्णन पात्रहरूका माध्यमबाट नै गरिएको हुनाले चरित्रले उपन्यासमा व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृतिहरूको मूल व्यञ्जनालाई समेत समृद्ध पारेको हुन्छ। यस सन्दर्भमा परिभाषित आँखाहरू उपन्यासमा मुख्य र सहायक पात्रहरूमा सीमित रहेर तिनीहरूको चरित्रगत अभिलक्षणको खोजी गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ।

यस अध्ययनमा गुणात्मक ढाँचा प्रयोग गरिएको छ। यससँग सम्बन्धित प्राथमिक, द्वितीयक वा अन्य स्रोतका तथ्य वा सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ। यस कार्यमा 'परिभाषित आँखाहरू' उपन्यासको पात्रसँग सम्बन्धित शैली विज्ञानका विभिन्न पद्धति र प्रवृत्तिहरूलाई सामग्रीका रूपमा सङ्कलन गरिएको छ। त्यससँग सम्बन्धित समीक्षात्मक लेखरचनाहरू त्यसबारे भए गरेका पूर्वाध्ययनहरूलाई पुस्तकीय गहन अध्ययन र पठनका माध्यमबाट सङ्कलन गरिएको छ। यस अध्ययनमा मूलतः आगमनात्मक र विश्लेषणत्मक ढाँचामा सामाग्रीको विश्लेषण गरिएको छ। यस अध्ययनमा प्रयुक्त उपन्यासका मुख्य पात्र बिज्जी, विनोद यादव, बसन्तिया साहु दिग्विजयका चरित्रमा मात्र सीमित गरिएको छ।

**❋ लेखक त्रिविअन्तर्गत सरस्वती बहुमुखी क्याम्पसमा उपप्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ।**

आख्यानमा कथानकलाई गतिशील बनाउने तत्त्व नै पात्र हो । आख्यानको कथानकमा चरित्र स्वतः आउँछ (नगेन्द्र,२०१४,पृ.६६) पात्रविना आख्यान साहित्यकौ परिकल्पना गर्न सकिँदैन । आख्यानात्मक कृतिमा सर्जकले कार्य, वर्ग, स्वभाव, चिन्तन आदिका आधारमा पात्रलाई जसरी उपस्थापन गराएको हुन्छ त्यही प्रक्रियालाई पात्र विधान भनिन्छ । पात्र विधानलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आवद्धताका आधारहरूका सन्दर्भबाट वर्गीकरण गर्न सकिन्छ (शर्मा,२०५५, पृ.९५-९७) । पात्र वा चरित्र विश्लेषणका पाटा र पद्धतिहरू विभिन्न किसिमका हुने गर्दछन् तथापि पात्रको वस्तुगत वर्गीकरणका लागि काव्यशास्त्र र भाषा विज्ञानको समन्वयबाट केही प्रमुख आधारहरूलाई देखाउन सकिन्छ । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धतालाई प्रमुख रूपमा विश्लेषणका महत्त्वपूर्ण आधार मानिन्छ ।

आख्यानात्मक विधाहरूमा प्रयोग र प्रस्तुत भएका चरित्रको शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । कृतिमा प्रयुक्त पात्रहरू दुई किसिमका हुन्छन् स्त्रीलिङ्ग र पुलिङ्ग । नायक-नायिका, सहनायक-सहनायिका आदि नामबाट कृतिभित्रका पात्रहरूलाई चिनाउने र छुट्याउने गरिन्छ । नाम र कार्य, स्वरूप र स्वभाव व्यवहार मान्यताबाट पात्रको लिङ्ग छुट्याउन सकिन्छ । आख्यान वा उपन्यासभित्र अन्तरपात्रीय समाज बनेको हुन्छ । कोही पात्रहरू प्रमुख भूमिकाका साथ आएका हुन्छन भने कोही सहायक र सामान्य खालका हुन्छन । अझ कतिपय पात्रहरूले त नेपथ्यबाट आफ्नो भूमिका निभाएका हुन्छन् । उपन्यासमा उपस्थित सबै पात्रहरूले समान महत्त्वका काम गरेका हुँदैनन् । बढी क्रियाशील तथा ठुलो महत्त्वका साथ भूमिका निभाउने पात्रको कार्यलाई सहयोग गर्न अन्य पात्रहरूको उपस्थिति रहेको हुन्छ ।

पाश्चात्य काव्यशास्त्री अरस्तुले दुखान्त नाटकको चर्चा गर्ने सन्दर्भमा मानवीय प्रवृत्तिका दृष्टिले पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा राखेको पाइन्छ (त्रिपाठी, २०३०, पृ.६१) । सकारात्मक गुणले युक्त, खलत्व नभएको, प्रशंसनीय सत्पात्रलाई अनुकूल भनिन्छ । सद्गुणले युक्त नायक, नायिका लगायतका भद्र र सज्जन पात्रहरू यस वर्गमा पर्दछन् भने नकारात्मक गुणले युक्त, खलत्व भएको, निन्दनीय असत् पात्रलाई प्रतिकूल पात्र भनिन्छ । दुर्गुणयुक्त खलनायक, खलनायिका लगायतका बदमास र दुष्ट चरित्रका पात्रहरू यस वर्गमा पर्दछन् (द्विवेदी, सन् १९७०, पृ.३५)। उपन्यासमा सत् एवम् असत् पात्रले एक अर्काको भिन्नतामा प्रबलता थप्न सक्छन् । सत् पात्रमा नायक नायिका र तिनीहरूलाई सहयोग पुऱ्याउने पात्रहरू पर्दछन् । नायक नायिकालाई फल प्राप्त गर्न बाधा पुऱ्याउने तथा दोषयुक्त प्रवृत्ति भएका प्रतिनायक नायिका तथा तिनीहरूलाई सहयोग पुऱ्याउने पात्रहरू असत् अन्तर्गत पर्दछन् (शर्मा, २०४८, पृ.१२४)। आख्यानहरू समाजबाटै निर्देशित हुन्छन् भने त्यसभित्रका पात्रहरू समाजकै चरित्रका प्रतिविम्ब हुन् । त्यसो भएको हुनाले समाजमा सबै व्यक्तिहरू असल व्यवहारका मात्र सत्चरित्रवान नभएर खराब आचरणका पनि हुने गर्छन ।

आख्यानात्मक कृतिको आरम्भदेखि अन्त्यसम्म दृष्टिकोण र विचारमा परिवर्तन नआउने पात्रलाई स्थिर र विभिन्न परिस्थितिमा परिवर्तन हुने पात्रहरूलाई गतिशील पात्र भनेका छन् ( फोर्स्टर, १९५३, पृ.६५)। आख्यानमा समावेश गरिएका कार्य र घटनावलीहरू एकै किसिमका हुँदैनन् । परिस्थिति र कृतिगत परिवेशको परिवर्तित घटनाहरूको सापेक्षतामा पात्रहरूले आफ्नो स्वभाव परिवर्तन गर्नसक्ने अवस्था रहन्छ । त्यसकारण परिस्थिति र परिवेशअनुसार स्वभावमा परिवर्तन ल्याउने पात्रहरू गतिशील र स्वभावमा परिवर्तन नल्याउने पात्रहरू गतिहीन (स्थिर) गरी स्वभावका आधारमा पात्रहरूलाई दुई वर्गमा विभाजन गरिएको पाइन्छ ।

कृतिमा उपस्थित पात्रको व्यवहार वा कार्यशैलीलाई महत्त्वका साथ हेर्ने गरिन्छ । पात्रले आख्यानात्मक वा नाटकीय कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्दछ (अब्राम्स, सन् २००४, पृ.३२) । कुनै पात्रले आफ्नो स्वत्व वा छुट्टै पहिचान लिएर उपस्थित हुन्छ र त्यसलाई समाज जनको कुरै नराखी आफ्नो मात्र प्रतिनिधित्व गर्ने खालको हुन्छ भने त्यस्तो पात्र व्यक्तिगत पात्र हो । त्यस्तै सामाजिक स्वभाव र पर जनको हितको खातिर आफूलाई समाजको प्रतिनिधिमूलक पात्रको रूपमा स्थापित गरेको हुन्छ भने त्यस्तो पात्र वर्गगत पात्र हो । त्यसैले जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत गरी दुई खाले पात्र रहेका हुन्छन् । व्यक्तिगत पात्रले निजी व्यवहार र कार्यशैलीका साथ आफूलाई सामाजिक समूह भन्दा नितान्त अलग राखेको हुन्छ भने वर्गगत पात्रले सामाजिक समस्याको उठान गर्दै सामाजिक स्वभावगत आचरण प्रस्तुत गरेको हुन्छ जसले समाजको प्रतिनिधित्व गरेको हुन्छ ।

आख्यान अथवा उपन्यासमा प्रयुक्त पात्रहरू दृश्य र अदृश्य खालका हुन्छन् । पात्र दृश्य र अनुपस्थित पात्र अदृश्य रहेको हुन्छन् । उपन्यासलाई प्रभावोत्पादक बनाउनका लागि जति प्रत्यक्ष पात्रको भूमिका रहेको हुन्छ अप्रत्यक्ष पात्रको पनि कम भूमिका हुँदैन । फलस्वरूप उपन्यासमा जीवन्तता ल्याउनका लागि कतिपय पात्र मञ्चमा आउँछन भने कतिपय नेपथ्यबाटै आफ्नो कार्य सम्पन्न गरेका हुन्छन् । पूर्वीय सन्दर्भमा रङ्गमञ्चमा देखाउन मिल्ने वस्तु वा

पात्रलाई दृश्य र नमिल्ने पात्रलाई सूच्य पात्र भनिन्छ (द्विवेदी, सन् १९७०, पृ.३५) । त्यसैले आसन्नताका आधारमा पात्रलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ : मञ्चीय पात्र र नेपथ्य पात्र । कलागत हिसाबले मञ्चीय पात्र वर्तमानमा परिस्थितिसँग हिँडेका हुन्छन् भने नेपथ्य पात्र अतीतको पाटोबाट गुज्रिएका हुन्छन् ।
उपन्यासको कथानकसँग रहेको पात्रहरूको सम्बन्धको आधारमा चरित्रलाई छुट्याउने उपकरण आबद्धता हो । सबै पात्रहरूको भूमिका, महत्त्व र कार्य समान खालको हुँदैन । कृतिको उद्देश्य तथा सन्देशअनुसार कतिपय पात्रहरू कथानकसँग अन्तरसम्बन्धित भएर रहेका हुन्छन् भने कतिपय पात्रहरू स्वतन्त्र हुन्छन् । जुन पात्रहरूको अनुपस्थितिमा कथानक कुँजो हुन्छ अर्थात् पूर्णता प्राप्त गर्न सक्दैन, त्यस्ता पात्रहरू बद्ध पात्र हुन भने जुन पात्रहरूको अनुपस्थितिमा पनि कथानकले आफ्नो पूर्ण गति लिन सक्छ भने त्यस्ता पात्र मुक्त पात्र हुन् । यसरी मुख्यतः उपर्युक्त आधारहरूबाट चरित्रको वर्गीकरण र अध्ययन-विश्लेषण गर्न सकिन्छ ।

**परिभाषित आँखाहरू उपन्यासका चरित्रहरूको विश्लेषण**

पारिजातको 'परिभाषित आँखाहरू' उपन्यासमा मुख्य पात्रहरू ४ जना देखिन्छन् : बिज्जी, विनोद यादव, बसन्तिया र राजन सर । त्यस्तै सहायक पात्रहरूमा साहु दिग्विजय र हेड सर हुन भने गौण चरित्रमा अनिता, रामसुख, मीनु, राधिका, देविका, लाली, सानो पसले साहु, सिनेमा हलमा ब्ल्याकमा टिकट किन्ने युवा-युवती, शारदा, महेश, रघुनन्दन यादव, श्रीमती यादव, लागूऔषध दुर्व्यसनी युवाहरू, लक्ष्मी रानी (विनोद यादवकी मङ्गेतर), विनोद यादवका ग्राहकहरू र पाहुनाहरू, राधिकाको सतित्व ३०० मा किन्ने भारतीय, राधिकाको श्रीमान् (टेम्पो चालक), भारतीय जादुगर, बिज्जीले पाकेट मारेकी आइमाई र उसलाई सहयोग गर्ने आइमाई, होटलमा बिज्जीलाई बलात्कार गर्न आउने भारतीय, होटलको काउन्टरको युवक, प्रोपराइटर, प्रहरीहरू, होटलका केटाहरू, विजय शर्मा, परीक्षित यादव, अन्य विद्यार्थीहरू, हेडसरकी श्रीमती, बहिनी, राजन सरका दाइ, भाउजू, बसन्तियाको मङ्गेतर, उसको नोकर, सावित्री, शर्माजी, बोर्डिङका प्रिन्सिपलहरू, बसन्तियाका छोराछोरीहरू (विजय, रजिया, राजी) डाक्टर, बिज्जी खोज्ने क्रममा भेटिएका मानिसहरू, बिज्जीको लासका दर्शक, प्रहरीहरू, लास उठाउन सहयोग गर्ने विद्यार्थीहरू, रिक्सावाल आदि रहेका छन् । यी गौण चरित्रहरूको भने उपन्यासमा खासै उल्लेख्य भूमिका देखिँदैन, आउँदै हराउँदै गइरहेका देखिन्छन् । यस अध्ययनमा प्रयुक्त उपन्यासका मुख्य पात्र बिज्जी, विनोद यादव, बसन्तिया साहु दिग्विजयका चरित्रमा मात्र सीमित गरिएको छ। जुन यसप्रकार प्रस्तुत गरिएको छ :

**बिज्जी**

*परिभाषित आँखाहरू* उपन्यासकी मूल पात्र बिज्जी हो । उपन्यासको आदिदेखि अन्त्यसम्मै उसको उपस्थिति देख्न सकिन्छ । त्यसैले पनि बिज्जीलाई केन्द्रीय पात्र मान्न सकिन्छ ।

**महिला पात्र** : लिङ्गगत आधारमा बिज्जी स्त्रीलिङ्गी नाम हो । आमा बुबा नभएकी, बेसाहारा दिग्विजयको घरमा गोठाल्नीका रूपमा र पछि विनोद यादवबाट धर्मपुत्री बनाउँदै उसैबाट बलात्कृत र अपहरणपश्चात मृत बनाइएकी उत्पीडित महिला पात्रका रूपमा उपन्यासमा उसको उपस्थिति रहेको छ ।

**प्रमुख पात्र** : बिज्जी उपन्यासमा सबैभन्दा मुख्य भूमिकामा रहेकी छ । उपन्यासको सुरुदेखि अन्त्यसम्मैको कथानक बिज्जीकै पर्याधारमा घुमेको छ । उपन्यासले बोकेको वैचारिक शृङ्खलालाई कथानकमा उन्न र बुन्नका लागि बिज्जीलाई उपन्यासकारले उपकरणका रूपमा लिएकी छन् । बिज्जी बिनाको कथानक स्थिर रहने देखिन्छ । बिज्जी समग्र उत्पीडित महिलाहरूकी प्रतिनिधि पात्रका रूपमा छे र ऊ बिना उपन्यासको कल्पना गर्न नसकिने भएकाले बिज्जी उपन्यासकी नायिका अर्थात् प्रमुख पात्र हो ।

**अनुकूल पात्र** : सकारात्मक व्यवहार र मनोविज्ञान भएको पात्रलाई अनुकूल पात्र भनिन्छ । बिज्जी इमान्दार, कर्मठ र स्वाभिमानी पात्र हो । उसले बाँच्नका लागि बेसाहारा बालिका भएरै पनि साहु दिग्विजयका घरमा श्रम गरेकी छे । विनोद यादवले बलात्कार गर्दा प्रतिरोधमा उत्रिएकी छे भने आफ्नो जिउ बेचर, मासेर कुनैपनि हालतमा नबाँच्ने आशय उपन्यासमा व्यक्त भएको यस प्रकारको साक्ष्यबाट प्रष्ट हुन सकिन्छ ः

"मर्न नचाहेकी बिज्जी आफूलाई अभिव्यक्त गर्छे, "हजुर मालिक ! बदमाशहरू मेरो पछि छन्, म रण्डी हुन चाहँदिन मालिक ! म रण्डी भएर खाँदिन । मलाई बचाउनुस् म सबै काम गर्न जान्दछु । कफी, अमलेट, चाउचाउ सबै बनाउन आउँछ मलाई" (पारिजात, २०४६, पृ.८६) यसबाट पनि बिज्जीको चरित्र अनुकूल प्रकृतिको देखिन्छ ।

**गतिहीन पात्र** : उपन्यासमा सुरुदेखि अन्त्यसम्म आधारभूत आवश्यकताकै लागि अरूको घरमा बसेर श्रम गर्न बाध्य पात्र हो बिज्जी । सरलता र निरीहतामा बाँच्न विवश बिज्जी स्थिर पात्र हो । जीवनमा धेरै दुःख कष्ट र अफ्ठ्यारोसँग ऊ सरल र निर्भीक ढङ्गले प्रतिरोध गरिरहेकी देखिन्छे । विवशताको पराकाष्ठा दिग्विजयको जुठेल्नोबाट विनोद यादवको धर्मपुत्री बन्दै पुनः फेरि अर्काको घरमा शरण लिन पुगेको स्थिति बिज्जीको उपन्यासमा देखिन्छ । यसलाई उपन्यासमा व्यक्त यस प्रकारको अभिव्यक्तिले स्पष्ट पार्दछ ः

एउटा आवारा कालो प्वाँख दिशाहीन उड्दा उड्दै सिमसारमा खस्न आइपुगेको, घरपरिवार विहीन, वंशविहीन, बासी, टुहुरी, विवश, उत्पीडित बिजुली फेरि आफ्नो मौलिक स्थानमा आइपुगेकी छे । रछ्यानबाट सुरु भएको उसको प्रथम चरणको यात्रा फेरि रछ्यानमा आएर टुङ्गिएको छ र फेरि शुरु हुँदै छ झण्डै झण्डै रछ्यानबाटै (पारिजात, २०४६, पृ.८६) । यसरी बिज्जीको जीवनमा शक्ति र स्रोत साधनका दृष्टिले खासै परिवर्तन आएको छैन । यस्तो हुनु गतिहीन पात्रको विशेषता हो । त्यसैले बिज्जी स्थिर र गतिहीन पात्रका रूपमा उपन्यासमा उपस्थित देखिन्छे ।

**वर्गीय पात्र** : बिज्जी वर्गीय चरित्र हो । बिज्जी दुःख पाएकी, बेसाहारा, टुहुरी, अत्यन्त तुच्छ र हेपिएकी सीमान्तकृत बालश्रमिकको प्रतिनिधित्व र पहिचान भएकी प्रतिरोध शून्य एवम् शक्ति र सत्ता दुवैबाट बञ्चित सीमान्तकृत प्रतिनिधि चरित्रका रूपमा उपन्यासमा उपस्थित भएकी छे । बिज्जी पूर्णतः सीमान्तकृत समुदायकी टुहुरी बालश्रमिक नारीपात्र हो भन्ने विषयलाई उपन्यासको साक्ष्यले प्रष्ट पार्दछ ः

"जन्मजात ऊ मान्छे हो तर पनि उसको छातीमा आमा बाबुको नाम लेखिएको छैन, उसको ढाडमा वंशावली पहिल्याउने एउटा पदचिन्हसम्म पनि छोडिएको छैन, रूप रङ्ग छ मान्छे हुनुको परिचय श्रम छ मान्छे हुनुको परिचय छानु छ घर छैन, निद्रा छ विच्छ्यौना छैन" (पारिजात, २०४६, पृ.१) । यसरी मुख्य रूपमा बिज्जी उपन्यासमा लैङ्गिक हिसाबले पुरुष भोगवादी प्रवृत्तिको सिकार बन्न पुगेकी उत्पीडित महिलाहरूको प्रतिनिधि पात्रका रूपमा उपन्यासमा देखिएकी छे ।

बिज्जी वर्गीय चरित्र हो । हाम्रा समाजका गरिब, निमुखा, शोषित, पीडित तथा राम्रो लाउने र मिठो खान पाउने लोभमा आफ्नो सतित्व तथा ज्यान समेत गुमाउनु पर्ने नारीहरूको प्रतिनिधित्व बिज्जीले गरेकी छ । यस्तै निरिह र कमजोर कैयौं नेपाली समाजका नारीहरू जाली-फटाहाहरूका पञ्जामा परी यौनशोषणको सिकार भएका छन्, वेश्यालयहरूमा बेचिएका छन् । बिज्जी यिनै दुःखी र दर्दनाक पीडा सहन विवश, अनि बाँच्ने इच्छा सँगाल्दा सँगाल्दै पनि मृत्युवरण गर्न विवश नेपाली नारीहरूको प्रतिनिधि चरित्र हो । बिज्जी आदर्श चरित्र होइन, ऊ हाम्रै समाजको यथार्थ चरित्र हो । यसरी बिज्जीका माध्यमबाट अरू त्यस वर्गकाहरू समेतको यथार्थचित्र प्रस्तुत छ ।

**मञ्चीय पात्र** : उपन्यासको सबैजसो भागमा बिज्जी उपस्थित छे । प्रमुख नायिकाका रूपमा उपस्थित बिज्जी प्रत्यक्ष संवादमा उपस्थित रहेको पात्र हो । प्रत्यक्ष रूपमा उपस्थित भएकैले बिज्जी मञ्चमा देखिने पात्र हो । त्यसैले बिज्जीलाई मञ्चिय पात्र भनिन्छ ।

**बद्धपात्र** : उपन्यासको कथानकसँग बाँधिएकी पात्र भएकाले बिज्जीलाई बद्ध पात्र भन्न सकिन्छ । बिज्जीबिनाको कथानक अगाडि बढ्न सक्दैन । बिज्जी उपन्यासको प्रत्येक घटना र उपघटनाहरूसँग जोडिएको पात्र भएकाले

बद्ध पात्र हो । उपन्यासबाट बिज्जीलाई हटाइदिने हो भने उपन्यासको स्वरूपमा पूर्णता आउँदैन त्यसैले बिज्जी बद्ध पात्र हो ।

यसरी बिज्जी 'परिभाषित आँखाहरू' उपन्यासकी केन्द्रीय पात्र हो । उपन्यासमा प्रमुख पात्रका रूपमा रहेर पनि बिज्जीको सक्रिय भूमिका देखिदैन । लिङ्गका आधारमा हेर्दा बिज्जी स्त्रीलिङ्गी पात्र हो भने कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा हेर्दा वर्गगत, आसन्नताका आधारमा मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हो । बिज्जी भावुक, संवेदनशील पात्र हो । उसलाई स-साना कुराले पनि संवेदित तुल्याउँछ । प्रथमचोटि सिनेमा हलमा टिकट ब्ल्याक गरेको पैसा विनोद यादवलाई दिंदा होस् वा राधिकाको "कर्ममा लेखेको पाइन्छ" भन्ने कुराले होस् अथवा यादवले उसको विवाह गरेर नयाँ घरमा राख्ने कुराले होस् ऊ भावुक हुन्छे, मानसिक अन्तर्द्वन्द्वमा पौडिन्छे, डुब्छे, निस्किन्छे । यस्ती चरित्र बिज्जीको जीवनमा डरलाग्दो र क्रुर बलात्कारको घटना घटित भएपछि त उसको जीवन एक किसिमले विक्षिप्त भएरनै बित्छ, मृत्यु नै पर्खेर बित्छ । बिज्जी संवेदनशील र भावुक भएकीले ऊ अन्तर्मुखी पनि देखिन्छे तर पुरै अन्तर्मुखी नभएर बाहिर्मुखी र अन्तर्मुखी प्रवृत्तीको दोसाँधमा देखिन्छे । ऊ संवेदित र दुःखी बनेका बेला भावुक देखिन्छे, मनमा विभिन्न कुरा खेलाउँछे, सोच्छे, मानसिक अन्तर्द्वन्द्वमा रुमलिन्छे भने ऊ सुखी हुँदा पर्याप्त वाचाल पनि देखिन्छे । उसका आफ्ना साथी रामसुख र विनोद यादवसँगकै संवादबाट यो कुरा थाहा पाउन सकिन्छ । ऊ मनका सबैकुरा आफ्ना साथि र आत्मजनमा पनि राख्न सकिरहेकी देखिन्न । आफ्नो पीर साथी देविका तथा बसन्तियालाई समेत सहजै भन्न नसक्नु उसको अन्तर्मुखी प्रवृत्तिको विशेषता हो ।

**विनोद यादव**

*परिभाषित आँखाहरू* उपन्यासमा प्रमुख खलपात्रका रूपमा विनोद यादवको उपस्थिति छ । उपन्यासमा आन्तरिक र बाह्य द्वन्द्व सिर्जना गर्दै कथानकलाई गति प्रदान गर्नमा विनोद यादवको सक्रिय भूमिका देखिन्छ । उपन्यासका सीमान्त वर्गमाथि अन्याय र अत्याचार गर्ने शोषक सामन्त चरित्रका रूपमा उपन्यासमा देखिएको छ ।

**पुरुष पात्र** : विनोद नामैबाट पुलिङ्ग जनाउने शब्द बुझिन्छ । यो राजविराजबासी रघुनन्दन यादवको सम्पन्न परिवारमा जन्मेको र राजशी सुखसयलमा हुर्केबढेको पात्र हो । उपन्यासमा भारतमा उच्च शिक्षा हासिल गर्न पुगेको विनोद यादव स्नातक सकेर काठमाडौंमा एक्लै डेरा लिएर परिवारभन्दा अलग बसी अनेकन प्रकारका कुकृत्य र दुई नम्बरी धन्दा गरेको देखिन्छ । यादव राजविराजवासी रघुनन्दन यादवको सम्पन्न परिवारमा जन्मेको व्यक्ति हो । भारतको विहारमा उच्चशिक्षा हासिल गर्न पुगेको यादव चोरी गरेर बल्लतल्ल स्नातक हुन्छ । घरको सम्पत्तिमा केही थप्नुको साटो रित्याएपछि बाबु रघुनन्दनले छोरा विनोद यादवलाई पैसा पठाउन छोडिदिन्छ । त्यसपछि बाबुसँग अंश माग्न पुगेको यादव नपाएपछि दुई नम्बरी धन्दा गर्न थालेको देखिन्छ । ऊ लागुऔषधको व्यापार गर्दछ, विविध अवैध सामानहरू विदेशसम्म निर्यात गर्दछ, पाकेट मार्नका लागि बिज्जीलाई प्रोत्साहित गर्दछ, वेश्यावृत्ति तथा चेलीबेटी बेचविखन गर्दछ, बलात्कार, हत्याजस्ता घोर जघन्य अपराध समेत गर्दछ ।

**प्रमुख पात्र** : उपन्यासमा पुरुष चरित्रहरूमध्ये सबैभन्दा आकर्षक र सक्रिय पात्र विनोद यादव हो । ऊ उपन्यासमा खल चरित्रको भूमिकामा प्रमुख रूपमा उपस्थित भएको छ । उपन्यासको कथानकमा कुतूहलता र द्वन्द्व सिर्जना गर्नमा उसको विशेष भूमिका रहेको छ । उपन्यासमा आकर्षण थप्ने र क्रुरताको चरम सीमामा पुग्ने विवादास्पद चरित्र पनि हो । उपन्यासमा विनोद यादव बिना कथानक अगाडि बढ्ने देखिँदैन त्यसैले पनि उसलाई प्रमुख पात्रका रूपमा लिनुपर्ने देखिन्छ । उपन्यासमा अधिकांश समय रहने र अन्त्यमा उपन्यासलाई चरमोत्कर्षमा पुऱ्याई सङ्घर्षह्रास गराउनमा उसको व्यक्तित्व र क्रियाकलापहरूले महत्त्वपूर्ण भूमिका खेलेकाले पनि उपन्यासमा विनोद यादवलाई प्रमुख खल पात्रका रूपमा लिन सकिन्छ । यस उपन्यासबाट विनोद यादवको भूमिकालाई हटाईदिने हो भने मूल कथानको गति र मोड खलबलिन जान्छ । उसले द्वन्द्व र सङ्घर्षको वातावरण तयार गरिदिएर कथानकको गतिलाई अझ तीव्र बनाएको छ । उसैका कारणले नायिका बिज्जीको जीवन बर्बाद भएको छ । बिज्जी मानसिक रूपमा विक्षिप्त बन्दै अन्त्यमा यादवकै अपहरण र बलात्कारबाट मृत्युवरण गर्न विवश बनेकी छे । उपन्यासमा

सम्पूर्ण महिला जातिमाथि दमन, शोषण गर्ने काम विनोद यादवले गरेर महिलाहरूलाई उत्पीडित बनाउने प्रमुख भूमिका विनोद यादवले नै खेलेको छ। जसलाई यस प्रकारको साक्ष्यले पुष्टि गर्दछ :

“यी खात माथि खात बसेका शोषित अपराधिहरूबाट कसरी निकाल्न सक्छौ विनोदलाई ? विनोद यादवलाई समाप्त सक्नु अन्यायको एउटा तहलाई समाप्त सक्नु हो । विनोद यादवलाई पोल्न सक्नु अत्याचारको एउटा विशिष्ट अङ्गलाई पोल्नु हो” (पारिजात,२०४६, पृ.१६७) । यसरी विनोद यादव समग्र महिला जातिमाथि उत्पीडन गर्ने प्रमुख पात्रका रूपमा उपन्यासमा उपस्थित छ।

**प्रतिकूल पात्र** : विनोद यादव यस उपन्यासमा प्रतिकूल चरित्रका रूपमा उपस्थित छ। प्रवृत्तिका आधारमा विनोद यादव नकारात्मक व्यवहारका कारणबाट प्रतिकूल देखिन्छ। असत् कार्य र भूमिका रहेको विनोद यादवले उसका आफ्नै व्यवहार र चिन्तनका कारण बिज्जीजस्ता निरीह महिलाहरूलाई ज्यूँदै जल्न बाध्य पारेको छ। उपन्यासको आद्यान्त विषयहरू पनि उसकै अव्यवहारिक र गैर मानवीय क्रियाकलापले प्रभावित भएको छ। उसका अव्यवहारिक र क्रुर व्यवहारले तत्कालीन समाज विद्रूप बन्न पुगेको छ। यादवले बिज्जीलाई माको कसम खाएर चार जना व्यक्तिका अगाडि छोरी बनाएर ल्याउने यादवको सक्कली अनुहार त्यतिखेर पाठकका सामु स्पष्ट हुन्छ जतिखेर ऊ मानवताको सीमा नाघेर पाशविक तरिकाले बिज्जीलाई बलात्कार गर्दछ। यादवले बिज्जीलाई बारम्बार बलात्कार गर्दा मात्र नपुगेर उसलाई वेश्यावृत्तिका लगि होटलमा लगेर राख्दछ र बिज्जी त्यस बलात्कारीको क्रूर पञ्जाबाट उम्केर मुक्ति पाइसकेपछि पुनः खोजेर ल्याई सामूहिक बलात्कार गरी मारेर फ्याँकिदिन्छ । यहाँ पुग्दा यादवको खालचरित्रले सीमा नाघ्दछ र पाठक घृणाले उत्कर्षतामा पुग्दछ।

**गतिशील चरित्र** :स्वभावका आधारमा हेर्दा विनोद यादव गतिहिन नभएर गतिशील पात्र हो । यादव सुरुमा केही विवादास्पद अनि आदर्श चरित्रका रूपमा देखापरेको छ भने उसको चारित्रिक विकासले नकारात्मकतातर्फ मोड लिंदै क्रूर, अमानवीय तथा पशुवत् चरित्रका रूपमा उत्कर्षता प्राप्त गरेको छ। विवादास्पद र रहस्यमय चरित्रका रूपमा रहेको यादव अन्तर्मुखी प्रवृत्तिको नभएर बहिर्मुखी प्रवृत्तिको देखिन्छ। कुटिल र दम्भी स्वभावको ऊ त्यति मानसिक अन्तर्द्वन्द्वमा परेको देखिंदैन। जतिसुकै बहिर्मुखी भएपनि कहिलेकाहीँ भने मानसिक अन्तर्द्वन्द्वमा जेलिएको पनि नदेखिने चाहिँ होइन। बिज्जीलाई धर्मपुत्री बनाएर लगेपछि र लग्नुपूर्व सम्ममा उसको चरित्रमा अनेक प्रकारको आरोह अवरोह देखिन्छ। पढ्न भनेर भारत भएको विनोद यादव पढाइ पूरै नगरी पैसाको मात लागेर काठमाडौं आई अनेक प्रकारका कुकृत्य र धन्दाहरू गरी अत्यन्त बिलासी जीवन जिएको देखिन्छ। ऊ तत्कालीन समाजको एउटा मण्डले चरित्रका रूपमा पनि विकसित भएको छ।

**वर्गीय चरित्र** :विनोद यादव जीवनचेतनाका आधारमा हेर्दा वर्गीय पात्र हो । ऊ समाजका हत्या, बलात्कार, वेश्यावृत्तिजस्ता कालो धन्दा गरी रातारात धनी बन्नेहरूको प्रतिनिधित्व गर्दछ जो प्रशासनसमेतको मिलेमतोमा समाजका युवायुवतीलाई कुलतमा लगाउँछन्, गरिबहरूलाई खानेलाउने तथा अन्य सुविधाको मिठो सपना देखाएर अत्याचारको नाङ्गो नाच प्रस्तुत गर्दछ, नारीहरूलाई भोगको साधन ठानेर आफ्नो स्वार्थपूर्ति नहुने भएपछि बलात्कारपछि हत्यासमेत गर्न पछि पर्दैन। उसले समाजका यस्ता वर्गको प्रतिनिधित्व गर्दछ जसले समाजमा जतिसुकै ठूलो अपराध गरेपनि दण्ड पाउनु त कहाँ हो कहाँ सम्मानित जीवन बिताइरहन्छन् । प्रतिनिधित्वका दृष्टिले विनोद यादव सभ्रान्त वर्गको प्रतिनिधित्व गर्छ। उसको पहिचान उपन्यासमा सामन्ती र भोगवादी चरित्रका रूपमा उपस्थित छ। धन र कामवासनाले मत्त विनोद यादव रजस्वला पनि नभएकी बिज्जीमाथि बलात्कार गरेर आफ्नो पौरुषत्वको दुरूपयोग गरेको छ । त्यसकारण विनोद यादव यहाँ वर्गीय मात्र छँदै गर्दा पनि आफ्नै वैयक्तिक भोगी विलासी चरित्रका कारण ऊ व्यक्ति पात्रका रूपमा पनि रूपान्तरित भएको छ। उसले गरेको क्रियाकलापले ऊ वर्गीय त छँदै हो तर पनि सवै सभ्रान्त वर्गका मान्छे विनोद यादव जस्तै हुन्छन् भन्ने निष्कर्षमा पुग्न भने सकिंदैन। उसले आफैंले छोरी बनाएर ल्याएकी बिज्जीलाई बलात्कार गरेर उसले आफ्नो पहिचान विद्रुप बनाएको छ। प्रस्तुत उपन्यासमा बिज्जीले भनेको- “बुवा मलाई छोडिदिनुहोस् न कतै बुबाले पनि छोरीलाई यसो गर्छन? ऐया.....बुवा यो के गर्नु भएको ? (पारिजात, २०४६, पृ.६३)” भन्ने भनाइले पनि ऊ कामुक यौन पिपासु चरित्रका रूपमा व्यक्ति चरित्रमा सीमित हुन पुगेको पनि छ। त्यसैले विनोद यादव वर्गीय चरित्र त हुँदै हो तर पनि आफ्ना गैरक्रियाकलापले उसको

पहिचान विद्रुप बनेको छ।

**मञ्चीय पात्र** : दृश्य रूपमा कथानकमा उपस्थित भएर प्रत्यक्ष संवाद कार्यमा लागेको चरित्र भएकाले विनोद यादव मञ्चमा उपस्थित छ। जसलाई यस प्रकारको साक्ष्यले पुष्टि गर्दछ :

खाना खाइस रामसुख ?

'खा' छ हजुर

ल खाना गरम गर, बिज्जी कति बजीतिर आई ? (पारिजात, २०४६, पृ.९९)

मीथको संवाद विनोद यादव र उसको नोकर रामसुखका बीचको संवाद हो। त्यसैले विनोद यादवलाई मञ्चीय पात्रका रूपमा मान्नु पर्छ।

**बद्ध पात्र** : कथानकसँग बाँधिएकाले विनोद यादव बद्ध पात्र हो। विनोद यादवको अनुपस्थितिले उपन्यासको कथानक अगाडि बढ्न सक्दैन। त्यसैले कथानकबाट हटाउन नमिल्ने भएकाले विनोद यादव बद्ध पात्र हो।

**बसन्तिया**

बसन्तिया उपन्यासको देस्रो प्रवाहमा मात्र उपस्थित भएकी छे। उपन्यासमा २ समानान्तर कथानक अगाडि बढेका देखिन्छन्। त्यसमध्ये दोस्रो कथानकको प्रमुख पात्रको रूपमा समग्र उपन्यासमा मुख्य सहायक पात्रका रूपमा उपन्यासमा उपस्थित देखिन्छे। उपन्यासको दोस्रो र तेस्रो प्रवाहमा पूर्ण सक्रिय भूमिकाका रूपमा रहेकी बसन्तिया निजी र व्यक्तिगत चिन्तन भन्दापनि समग्र उत्पीडित महिलाहरूकै पक्षमा लड्न र मर्न पनि तयार रहने पात्रका रूपमा देखिएकी छे। नारी चरित्र प्रधान उपन्यासका रूपमा स्थापित गर्न उसको चरित्रले महत्त्वपूर्ण भूमिका खेलेको छ भने ऊ उपन्यासकार पारिजातको मुखपात्रका रूपमा पनि उपन्यासमा उपस्थित छे।

**स्त्री पात्र** : लिङ्गगत आधारमा बसन्तिया स्त्रीलिङ्गी हो। कञ्चनपुरको थारू परिवारमा जन्मेकी र त्यहाँको संस्कृति अनुसार गौना प्रथा द्वारा सानैमा अर्काको बन्धकी बनाइएकी छे। ऊ कञ्चनपुरको माध्यमिक तहमा पढ्ने एउटी, निर्भीक चरित्रका रूपमा उपन्यासमा देखिन्छे।

**मुख्यसहायक पात्र** : उपन्यासको द्विकथानकीय संरचनामा दोस्रो कथानकको मुख्य पात्रका रूपमा रहेकी बसन्तिया समग्र उपन्यासमा भने मुख्य सहायक पात्रका रूपमा उपस्थित छे। उपन्यासको दोस्रो प्रवाहबाट उपस्थित बसन्तिया उपन्यासको अन्त्यसम्म उपन्यासकारको मुख पात्रका रूपमा उपस्थित छे। उपन्यासको सारवस्तु र वैचारिकतालाई श्रृङ्खलामा उन्ने र बुन्ने काम बसन्तियाको चरित्रले नै गरेकाले उसलाई मुख्य सहायक पात्रका रूपमा हेरिनुपर्ने देखिन्छ। उपन्यासमा मुख्य पात्र बिज्जीकै उत्पीडनको विरुद्धमा अन्तिमसम्म शसक्त रूपमा लडेकी र लड्दा लड्दै विचलित अवस्थासम्म पुगेकी बसन्तियाको उपस्थितिलाई यस प्रकारको साक्ष्यले थप प्रष्ट पार्दछ - "म यसको पोष्ट मार्टम गराउन चाहन्छु। पुलिसमा यसको हुलिया लेखाइसकेको हुनाले कानुनी रूपमा तपाईहरू पनि मसँग अस्पताल जानुपर्ने हो। अपराधीहरू खोज्नको निम्ति तपाईहरू पनि जिम्मेवार हुनुहुन्छ" (पारिजात, २०४६:१६०)। यसरी उपन्यासमा बसन्तियाको यस प्रकारको भाषिक अभिव्यक्तिले उसको धीर, गम्भीर र सचेत क्रियाशील नारी पहिचान बनाएको छ। त्यसैले बसन्तिया उपन्यासमा मुख्य सहायक भूमिकाका रूपमा उपस्थित छे।

**अनुकूल पात्र** : उपन्यासको सहनायिकाका रूपमा बसन्तियाको उपस्थिति देखिन्छ। उपन्यासको कथानकीय भूमिकामा कहीँपनि बसन्तियाको नकारात्मक भूमिका देखिँदैन। असल, आदर्श, आत्मीय, निस्वार्थप्रेमी, निर्भीक, जुझारु, सङ्घर्षशील, मिलनसार, सहयोगी विशेषताका कारण उसको चरित्रलाई अनुकूल भनिन्छ। उपन्यासकारले उपन्यासको सारवस्तु र वैचारिकतालाई प्रस्तुत गर्ने प्रमुख व्यक्तिका रूपमा बसन्तियालाई नै अगाडि सारेकी छन्। उपन्यासकारको जीवन दर्शन र सामाजिक सांस्कृतिक भिन्नतालाई प्रस्तुत गर्न त्यसै अनुकूलको चरित्रका रूपमा बसन्तियाको चरित्र निर्माण गरेकी छन्। बसन्तियाकै माध्यमबाट आफ्नो वैचारिकता अघि सारेकी छन् भने तद्नुकूलको मानसिक सामाजिक तथा बौद्धिक पृष्ठभूमि पनि निर्माण गरेकी छन्। यस सन्दर्भमा उपन्यासकारले

बसन्तियालाई आफ्नो मुख पात्र बनाएको कुरा यस प्रकारको साक्ष्यले पनि पुष्टि गर्दछ :"आगो लगाउनभन्दा पहिला बसन्तियाले बिज्जीका खुला आँखाहरू हेरेर मन मनमा भन्छे, बिज्जी आज म तेरो लास जलाउँदै छु तर तेरो हत्यारा विनोद यादवलाई भेटेँभने म त्यसलाई ज्यूँदै जलाउँछु । ..... म त्यस दुराचारी, अपराधीलाई खोजेरै छोड्छु, म त्यसलाई जिउँदै जलाउँछु" (पारिजात, २०४६, पृ.१६२-१६४) ।

**गतिशील पात्र** : स्वभावका आधारमा हेर्दा बसन्तिया गतिशील चरित्र हो । सानैमा विवाह निश्चित गरिसकिएकी बसन्तिया सो अस्वीकार गर्दै आफूले मन पराएको व्यक्तिसँग विवाह गर्दछे । स्वाभिमानी बसन्तिया अन्याय अत्याचारको विरोधमा विद्रोह गर्दछे । स्कुले जीवनमानै चिट चोरेको आरोपमा कक्षाबाट निष्कासन गर्न लागिएको विजय शर्माका पक्षमा दृढताका साथ उभिएकी छ र विजय शर्मा अन्यायमा परेकाले उसमाथि न्याय हुनुपर्ने विचार राखेकी छ र सोको विरुद्धमा जस्तोसुकै कदम चाल्न पनि पछि नपर्ने सङ्केत दिन्छे, "सर, हामी बीसजना जति विद्यार्थीहरू कक्षा बहिष्कार गर्छौं (पारिजात, २०४६, पृ.९२) ।" यो उसको चारित्रिक दृढताको सङ्केत हो । मन नपरेको व्यक्तिसँग आफ्नो विवाहको निश्चित भइसकेपछि तथा विवाहविरुद्धको सङ्घर्षमा हार खाइसकेपछि मर्न पछि नपर्ने तर मन नपरेकोसँग विवाह भने नगर्ने कुरा गर्दै बसन्तिया भन्छे, "मेरो हुनेवाला मलाई पटक्कै स्वीकार छैन बरु म मर्छु तर बिहे गर्दिन (पारिजात, २०४६, पृ.९९-१००) ।" बिज्जीसँगको भेट भएपछि बसन्तियाको चरित्रले तीव्र रूपमा विकास पाउँछ । वात्सल्यकी खानी बसन्तिया बिज्जीको अस्वस्थतामा निकै चिन्तित देखिन्छे । उसको दर्दनाक कहानी सुनिसकेपछि बिज्जीलाई जीवन दिन उत्तिकै लागिपरेकी छ । बिज्जीको अपहरणपछि उसको खोजीको सक्रियताले पाठकबाट प्रशंसित बन्न पुग्छे । उसको साहसीपन, निर्भीकता, दया, माया, सहानुभूति तथा संवेदनाले पाठक पनि द्रविभूत बन्दछ । ऊ एक्लै यस समाजका विकृति, विसङ्गति, शोषण, अन्याय-अत्याचार, नारी अस्मिताको विरुद्ध लड्न कम्मर कस्छे । यसरी बसन्तियाको चरित्रले बिस्तारै विकास पाएकाले र स्थिर नभएकाले ऊ गतिशील चरित्र हो ।

**वर्गीय पात्र** : बसन्तियालाई उपन्यासमा उसको कार्यात्मक भूमिका र उपस्थितिका आधारमा हेर्दा भौगोलिक, जातीय, लैङ्गिक र शक्ति सम्बन्धका दृष्टिले वर्गीय पात्रका रूपमा उपस्थित भएको देखिन्छ । भौगोलिक हिसाबले दुर्गम, लैङ्गिक हिसाबले महिला, जातीय हिसाबले थारू र शक्तिका हिसाबले परिधिमा रहेको सीमान्त पात्रका रूपमा उपन्यासमा देखिन्छे । ऊ सानैमा गौनाको कुसंस्कारकी सिकार भएकी समग्र थारू महिलाहरूको प्रतिनिधित्व गरेकी छे भने अर्कातिर आम उत्पीडित महिलाहरूको पक्षमा आवाज उठाउने धीर, गम्भीर र सचेत क्रियाशील नारी पहिचान उपन्यासमा देख्न सकिन्छ । बसन्तिया वास्तवमा लैङ्गिक उत्पीडनका विरुद्ध लड्ने क्रान्तिकारी जुझारु महिला हो । उसले परम्परागत सांस्कृतिक कुप्रथालाई भत्काएकी छे । यस सम्बन्धमा ऋषिराज बराल भन्दछन् बसन्तिया पनि छे उपन्यासमा जसले सांस्कृतिक पर्खालका विरुद्ध सङ्घर्ष गरेकी छे (बराल, २०६४, पृ.२३६) ।

बसन्तियामा वैचारिक चरित्रका लाक्षणिक सङ्केतहरू पनि नभेटिने होइनन्, भेटिन्छन् । उसको चरित्रमा यथार्थभित्र आदर्शपनि भेटिन्छ । उसले अरूको दुःखलाई आफ्नै ठानेर विक्षिप्त पनि बनेकी छे तर पनि उपन्यासमा ऊ वर्गीय चरित्रकै रूपमा प्रतिनिधि भएर उपस्थित छे ।

**मञ्चीय पात्र** : आसन्नताका आधारमा बसन्तिया मञ्चीय पात्र हो । उपन्यासमा बसन्तियाको उपस्थिति प्रत्यक्ष रहेको छ । प्रत्यक्ष रूपमा संवादात्मक अभिव्यक्ति र उपस्थितिले बसन्तियालाई मञ्चीय पात्रको रूपमा देख्न सकिन्छ ।

**बद्ध पात्र** : उपन्यासको कथानक विकासमा बसन्तियाको महत्वपूर्ण भूमिका रहेको छ । उपन्यासमा मुख्यसहायक पात्रका रूपमा रहेर कार्यात्मक भूमिका निर्वाह गरेकी बसन्तिया बिना उपन्यासको संरचना पूर्ण बन्न सक्दैन तसर्थ बसन्तिया बद्ध पात्र हो ।

**दिग्विजय**

उपन्यासमा खलपात्रका रूपमा उपस्थित दिग्विजय गौण पात्र हो । ऊ कथानकको प्रथम प्रवाहको सुरुमा मात्र आंशिक रूपमा विनोद यादवको सहयोगी बनेर देखिएको छ ।

**पुरुष पात्र** : दिग्विजय पुलिङ्गी शब्द हो । ऊ पुरुष पात्र हो ।
**गौण पात्र** : कार्यका आधारमा दिग्विजयको भूमिका सामान्य रहेको छ। विनोद यादवको सहयोगीका रूपमा आएको दिग्विजयको कथानकसँग सम्बन्ध छ तर पनि प्रमुख सम्बन्ध देखिँदैन ।
**प्रतिकूल पात्र** : प्रवृत्तिका आधारमा दिग्विजय नकारात्मक प्रवृत्ति र व्यवहारका कारण प्रतिकूल देखिन्छ । असत् कार्य र भूमिका रहेको दिग्विजय दुईनम्बरी धन्दामा उद्धत छ।
**गतिहीन पात्र** : उपन्यासको पहिलो प्रहरमा आंशिक रूपमा देखिएको दिग्विजयको प्रवृत्ति स्वभाव सुरुदेखि अन्त्यसम्म एकैनाशको देखिएकोले पनि ऊ गतिहीन पात्रका रूपमा उपन्यासमा उपस्थित छ।
**वर्गीय पात्र** : उपन्यासमा दिग्विजयले तत्कालीन समयको शोषक सामन्त दलालहरूको प्रतिनिधित्व गरेको छ । उसले विनोद यादवको त्यस्तै कार्यमा सघाएको देखिन्छ। त्यसैले ऊ वर्गीय पात्र हो।
**मञ्चीय पात्र** : कथानकमा मूलपात्र र खलपात्रसँग प्रत्यक्ष संवाद गरेको र प्रत्यक्ष घटनामा संलग्न रहेकाले पनि दिग्विजय मञ्चीय पात्र हो ।
**बद्ध पात्र** : उपन्यासको कथानकको आरम्भ नै उसकै घरको परिवेशबाट सुरु भएको छ र कथानकको आरम्भनै उसैबाट भएकाले कथानकको समूचित विकासमा उसको उपस्थितिले प्रभाव पारेको देखिन्छ। त्यसैले ऊ बद्ध पात्र हो ।

## निष्कर्ष

*परिभाषित आँखाहरू* उपन्यासकी प्रमुख पात्र बिज्जी हो । उपन्यासको कथानक उसकै केन्द्रीयतामा घुमेको छ । बिज्जीका अतिरिक्त बसन्तिया मुख्य सहायक पात्रका रूपमा र विनोद यादव, साहु दिग्विजय खलपात्रका रूपमा उपस्थित छन् । विश्लेष्य पात्रहरू हेर्दा लैङ्गिक दृष्टिले बिज्जी र बसन्तिया स्त्री पात्रका रूपमा देखिएका छन् भने विनोद यादव, दिग्विजय पुरुष पात्रका रूपमा देखिएका छन् । त्यस्तै उपन्यासमा प्रायःसबै प्रात्रहरू वर्गीय पात्रका रूपमा देखिन्छन् भने प्रवृत्तिका आधारमा विनोद यादव, साहु दिग्विजय प्रतिकूल चरित्रका रूपमा उपस्थित छन् । बसन्तिया, बिज्जी, अनुकूल चरित्रका रूपमा छन् । यसरी हेर्दा अनुकूल चरित्रकै बाहुल्यता उपन्यासमा देख्न सकिन्छ। उपन्यासमा कार्यात्मक भूमिकाका आधारमा बिज्जी र बसन्तिया मुख्य पात्रका रूपमा देखिएका छन् भने अन्य पात्रहरू मुख्य सहायक र सहायक पात्रको भूमिकामा देखिएका छन्। मञ्चीय र बद्ध पात्रको उपस्थिति अधिक नै देखिन्छ। जसले गर्दा उपन्यासको आख्यान योजनाको संवादात्मक अभिव्यक्ति मार्मिक र सशक्त बन्न पुगेको छ। त्यसबाट उपन्यासमा सजीवता र जीवन्तताको आभाष पाउन सकिन्छ। विवेच्य पात्रहरू प्राय सबै नै कथानक श्रृङ्खलामा सँगै उनिएर आएका र वैचारिक श्रृङ्खलालाई अनुकूल र प्रतिकूलको सङ्घर्षबाट निष्कर्षतिर डोऱ्याउनमा अहम् भूमिका खेलेकाले पनि औपन्यासिक कलाका दृष्टिले पात्रहरूको संयोजन र भूमिका उच्चस्तरको देखिन्छ। उपन्यासका पात्रहरू विभिन्न सामाजिक सांस्कृतिक व्यवस्थाद्वारा बाँधिएका छन् । मुख्यतः बिज्जी र बसन्तिया भौगोलिक, राजनीतिक र सामाजिक शासन व्यवस्थामा पछाडि पारिएका छन् र उनीहरू उत्पीडित महिलाहरूका प्रतिनिधि पात्रका रूपमा देखिन्छन्। विनोद यादव र दिग्विजय जस्ता सभ्रान्त वर्गका शोषक सामन्त वर्गका पात्रहरूको पुँजीवादी सामन्तवादी संस्कृतिको विकृत मानसिकताले उनीहरूको चरित्रलाई विद्रुप बनाएको छ। लैङ्गिक हिसाबमा पीडित नारीका रूपमा उपस्थित बिज्जी र विकृत मानसिकताको प्रतिनिधित्व विनोद यादवको उपस्थितिमा बुनिएको कथानकमा सशक्त पात्रका रूपमा पारिजातको मुखपात्रको रूपमा बसन्तिया उपस्थित भएर उपन्यासको सारवस्तु प्रतिपादित भएको छ । यो नै चरित्र निर्माणमा उपन्यासकारको सबल पक्ष हो । यसबाट पात्रविधानको शिल्पमा पारिजात सफल देखिन्छिन् ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, कृष्णप्रसाद (२०६६), "पारिजातको अध्ययन परम्परा", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

अब्राहम्स, एच एम (२००४),*अ ग्लोसरी अफ लिट्रेचर टर्म्स* (सातौँ संस्क), दिल्ली : हार्कोट सन् २००४ ।

कार्की, बिना (२०६२), "पारिजातको गद्यकारिता", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

चापागाईँ, निनु र खगेन्द्र सङ्ग्रौला (सम्पा.) (२०५१), *पारिजात स्मृति ग्रन्थ,* काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

चापागाईँ, हरिहर (२०६०), "परिभाषित आँखाहरू उपन्यासको कृतिपरक अध्ययन", स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर ।

चैतन्य (२०५१), "पारिजात : सौन्दर्य चिन्तनको विकास प्रक्रिया", *पारिजात स्मृतिग्रन्थ* (सम्पा.) निनु चापागाईं र खगेन्द्र सङ्ग्रौला, काठमाडौँ : पारिजात स्मृति केन्द्र; १-१८ ।

त्रिपाठी, वासुदेव (२०५१) "पारिजातको सिर्जेको साहित्यिक शिखर-श्रृङ्खला : एक चर्चा", *पारिजात स्मृतिग्रन्थ* (सम्पा.) निनु चापागाईं र खगेन्द्र सङ्ग्रौला, काठमाडौँ : पारिजात स्मृति केन्द्र; १९२-२१० ।

द्विवेदी, हजारीप्रसाद (१९७०) *हिन्दी नाटक उद्‌भव और विकास,* दिल्ली : राजपाल एण्ड सन्ज सन् ।

नगेन्द्र (२०१४), *अरस्तुका काव्यशास्त्र,* इलाहवाद : भारती भण्डार ।

पाण्डे, भवानीप्रसाद (२०६४), *पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद,* काठमाडौं : अल्टिमेट मार्केटिङ्ग प्रा.लि. ।

पारिजात, (२०४९), *परिभाषित आँखाहरू,* काठमाडौं : स्यो-म्हेन्दो प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार,* ललितपुर : साझा प्रकाशन काठमाडौं ।

प्रधान नयना (२०३८), "पारिजातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

फोर्स्टर, इ.एम. (१९५३), *एस्पेक्ट अफ द नोवेल,* लण्डनः पेनगुइन बुक्स ।

भट्टराई, तुलसी (२०५१) "नारी अस्मिता र दृष्टिकोण", *पारिजात स्मृतिग्रन्थ* (सम्पा.) निनु चापागाईं र खगेन्द्र सङ्ग्रौला, काठमाडौँ : पारिजात स्मृति केन्द्र; १९-२६ ।

शर्मा, गोपीकृष्ण (२०४९), 'पारिजातको आख्यानकारिता' *जनमत* (वर्ष ९, अङ्क १, पूर्णाङ्क ६८) पृ. १०-१२ ।

शर्मा, मोहनराज, २०४८, *शैली विज्ञान,* काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

.................. २०५५, *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।